नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**मूल्य अभिवृद्धि कर (VAT) का झुट्टा तथा नक्कली विजकको प्रयोग गर्ने तपसिलका २ (दुई) वटा फर्मका २ जना प्रोप्राईटर उपर रु. ८६,७७,४३२।- (छयासी लाख सतहत्तर हजार चार सय वत्तीस) विगो र विगोको दोब्बरसम्म जरिवाना र ३ वर्ष कैद सजायको माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६-०८-११ गते मुद्दा दायर गरिएको छ ।**

**१. काभ्रे जिल्ला मण्डनदेउपुर नगरपालिका -११ मा स्थायी वसोवास भई हाल काठमाण्डौ महानगरपालिका -९ वस्ने श्री प्रभा इन्टरप्राईजेज (स्थायी लेखा नं. ३०४४२३४००) को प्रोप्राईटर राम प्रसाद चौलागाईलाई राजस्व चुहावट गरेको अभियोगमा रु. ५९,०४,९३८।- विगो कायम गरी विगोको दोब्बरसम्म जरिवाना र ३ वर्षसम्म कैद सजायको मागदावी लिई मिति २०७६-०८-११ गते मुद्दा दर्ता गरिएको ।**

**श्री प्रभा इन्टरप्राईजेज (स्थायी लेखा नं. ३०४४२३४००)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुट्टा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क) र (ख) बमोजिमको कसुर गरी **मु.अ.कर तर्फ रु. १७,२६,५७५।-** र **आयकर तर्फ रु. ४१,७८,३६३।-** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो **रु. ५९,०४,९३८।- (अक्षेरेपि उनान्साठी लाख चार हजार नौ सय अठतीस मात्र)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **श्री प्रभा इन्टरप्राईजेजका प्रोप्राईटर राम प्रसाद चौलागाईलाई** उल्लिखित कसुर

अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) वमोजिम विगो रकम **रु. ५९,०४,९३८।-** असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०८।११ गते मुद्दा दर्ता गरिएको ।

**२. काभ्रे जिल्ला चौरीदेउराली गउँपालिका वडा नं. -५ मा स्थायी वसोवास भई हाल काठमाण्डौ महानगरपालिका -३२ वस्ने जि. पि. सि. ट्रेडर्स (स्थायी लेखा नं. ३०२७५३४५७) को प्रोप्राईटर रामकृष्ण ढकाललाई राजस्व चुहावट गरेको अभियोगमा रु. २७,७२,४९४।- विगो कायम गरी विगोको दोब्बरसम्म जरिवाना र ३ वर्षसम्म कैद सजायको मागदावी लिई मिति २०७६-०८-११ गते मुद्दा दर्ता गरिएको ।**

**जि.पि.सि. ट्रेडर्स (स्थायी लेखा नं. ३०२७५३४५७)** ले वस्तु तथा सेवा खरिद नै नगरी झुठ्ठा तथा नक्कली मु.अ. कर विजक मात्र खरिद गरी मूल्य अभिवृद्धि कर र आयकर समेतको राजस्व चुहावटको कसूर गरेको देखिएको । प्रतिवादीले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित एवं सोही ऐनको दफा ४ को खण्ड (क) र (ख) बमोजिमको कसुर गरी **मु.अ.कर तर्फ रु. ७,३३,५१२।००** र **आयकर तर्फ रु. २०,३८,९८२।००** राजस्व चुहावट गरेकोले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम हुने जम्मा विगो **रु. २७,७२,४९४।०० (अक्षेरेपि सत्ताइस लाख बहत्तर हजार चार सय चौरान्नब्बे)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले **जि.पि.सि. ट्रेडर्सका प्रोप्राईटर रामकृष्ण ढकाललाई** उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) वमोजिम विगो रकम **रु. २७,७२,४९४।-** असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०८।११ गते मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**

**राजस्व अनुसन्धान विभाग**